नेपाल सरकार

अर्थ मन्त्रालय

# नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको व्यक्तिगत विवरण पेश गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः- २०८३/१/१५)**

नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पद पूर्तिको लागि नाम सिफारिस गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८३/१/२१) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार, काठमाडौंमा अवस्थित समितिको सचिवालयमा व्यक्तिगत विवरण पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. <u>आवश्यक योग्यता तथा अनुभवः</u>

(अ) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा (२) बमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात्त वर्ष काम गरेका लब्धप्रतिष्ठित व्यक्ति।

(आ) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १० बमोजिम देहायको योग्यता भएकोः

(क) नेपालको नागरिक भएको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्षको पेशागत अनुभव हासिल गरेको, र

(घ) **सोही ऐनको दफा ११ बमोजिम अयोग्य नभएको।**

(इ) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ ले तोके बमोजिम तीस वर्ष उमेर पूरा भई पैंसट्टी वर्ष उमेर ननाघेको, तथा देहायको अयोग्यता नरहेकोः

(क) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ग) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) सार्वजनिक निकायको कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको,

(ङ) मानिसक सन्तुलन ठीक नभएको।

२. **<u>व्यक्तिगत विवरण पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातः</u>**

(अ) वैयक्तिक विवरण (Bio-Data),

(आ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(इ) शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याई गर्ने प्रमाणित कागजात,

(ई) अर्थ मन्त्रालयको वेबसाईट www.mof.gov.np मा प्रकाशित नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि व्यक्तिगत विवरण पेश गर्ने सम्बन्धी सूचना साथ संलग्न तोकिएको ढाँचाको स्वघोषणा।

३. **<u>अन्य विवरणः</u>-**

(अ) यो सूचना बमोजिम प्राप्त व्यक्तिगत विवरणलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी संक्षिप्त सूचीमा समावेश नगर्न सक्नेछ।

(आ) कुनै व्यक्तिगत विवरणमा झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो व्यक्तिगत विवरण रद्द हुनुका साथै प्रचलित कानून बमोजिम हुनेछ।

(इ) यस सम्बन्धी थप जानकारी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार वा **टेलिफोन नम्बर ०१-४२११३८३** मा सम्पर्क गर्न सकिनेछ।

(ई) यसमा उल्लेख भए बाहेकका अन्य कुरा धितोपत्र सम्बन्धी ऐन, २०६३ र अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**व्यक्तिगत विवरणको साथमा पेश गर्नुपर्ने स्वघोषणा फाराम**

## <u>स्वघोषणा फाराम</u>

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **नेपाल धितोपत्र बोर्ड**को **अध्यक्ष** पदमा नियुक्ति हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. **नाम, थर (नेपालीमा)ः**

२. **Name (In English) :**

३. **जन्म मितिः वि.सं.ः** **इ.सं.ः**

४. **स्थायी ठेगानाः**

५. **हालको ठेगानाः**

६. **नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.ः**

७. **जारी मिति र जिल्लाः**

८. **सम्पर्क नं.ः**

९. **इमेलः**

१०. **शैक्षिक योग्यताः**

११. मेरो विस्तृत वैयक्तिक विवरण (Bio-Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र पेशागत अनुभव पुस्ट्याइँ गर्ने प्रमाणित कागजात स्वयं प्रमाणित गरी यसै साथ संलग्न राखी पेश गरेको छु।

१२. **निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरणः**

(क) मैले कम्तीमा स्नातकोत्तर उपाधि हाँसिल गरेको छु।

(ख) मेरो धितोपत्र बजार व्यवस्थापन/पूँजी बजार विकास /आर्थिक/ वित्तीय/वाणिज्य/ /व्यवस्थापन वा कानून क्षेत्रमा ............ वर्षको कार्य अनुभव रहेको छ।

(ग) मेरो उमेर ............वर्ष पुगेको छ।

(घ) म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

(ङ) मेरो र एकाघर परिवारको कुनै पनि सदस्यको नेपाल धितोपत्र बोर्डसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा संलग्नता वा बोर्डसँग निजी स्वार्थ छैन। म कम्तिमा विगत १ वर्षदेखि नेपाल धितोपत्र बोर्डले ईजाजत जारी गरेको संस्थामा कार्यरत छैन।

(च) मेरो नाममा व्यक्तिगत बेरुजू बाँकी छैन।

(छ) म भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैङ्किङ् कसूर, चोरी, कीर्ते, ठगी, जालसाजी, आतङ्ककारी कार्य, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा

संरक्षित वन्यजन्तु सम्बन्धी कसूर, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको छैन।

(ज) म टाट पल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय पाएको एवं दामासाहीमा परेको छैन।

(झ) म प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भएको छैन/त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन बर्ष पूरा भईसकेको छ।

(ञ) म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

(ट) मैले विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

(ठ) म हाल कुनै अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्धारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

(ड) मलाई नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने गरी तोकिएको छैन।

(ढ) मैले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ र १० बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। र ऐ. ऐनको दफा ११ बमोजिम अयोग्य भएको छैन।

(ण) मैले अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को दफा ३ बमोजिमको योग्यता र अनुभव हासिल गरेको छु। र ऐ. मापदण्डको दफा ४ बमोजिम अयोग्य रहेको छैन।

(त) तहाँबाट थप विवरण माग भएमा सो विवरण तोकिएको समयमा पेश गर्नेछु।

१३. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजातहरू सक्कलबमोजिमका छायाप्रतिहरू हुन्। यस साथ संलग्न कागजात र प्रमाणको भार म मा निहित रहनेछ। साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (CV) मा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

**स्वघोषणा गर्ने व्यक्तिको** -

**दस्तखतः**

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**मिति :**